REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs  Date: 05.01.2025

मुख्यमन्त्री

जोरथाङ माघे सङ्क्रान्ति मेला 2025-को तयारीको विषय आइतबार एउटा समन्वय बैठक मुख्यमन्त्री श्री प्रेमसिंह तामाङको ध्यक्षतामा सम्मान भवनमा सम्पन्न भयो। बैठकमा जोरेथाङका विधायक श्री मदन सिन्चुरी, मेला समितिका सदस्यहरू र सम्बन्धित अधिकारीहरूले हालसम्मको प्रगतिको जानकारी दिँदै मेलाको सफल सञ्चालनका लागि आवश्यक पहलहरू माथि प्रकाश पारेका थिए।

बैठकका क्रममा मुख्यमन्त्रीले सहकार्य र साझा जिम्मेवारीको महत्वलाई जोड साथै सामूहिक प्रयासबाट मात्र यस प्रकारको महत्वपूर्ण सांस्कृतिक उत्सवलाई सफल बनाउन सकिने बताउनुभयो। यो मेला केवल एउटा उत्सव मात्रै नभएर सिक्किमको सांस्कृतिक सम्पदाको अभिव्यक्ति रहेको र मेलाले सिक्किमका जनता माझको एकता र गौरवको भावना फैलाउने मुख्यमन्त्रीले बताउनु भयो।
उहाँले जोरेथाङ माघे सङ्क्रान्ति मेलालाई परम्परा र आधुनिक आकांक्षाको मिलनको प्रतीकको रूपमा व्याख्या गर्दै यस वर्ष मेलालाई विशेष र अविस्मरणीय बनाउन प्रयास गर्नुपर्ने कुरामा जोड दिनुभएको छ। जोरथाङ मेलाले स्थानीय र पर्यटक दुवै माझ सिक्किमको सामुदायिक एकताको भावना र सांस्कृतिक विविधता प्रदर्शन गर्ने लक्ष्य राखेको छ। बैठकमा मेलाको योजना र व्यवस्थापनमा आवश्यक सुधारहरू लागू गर्न सुझावहरू राखिएको थियो। यस वर्षको मेलाले राज्यका परम्परागत चाडपर्वको महत्त्वलाई उजागर गर्दै नयाँ कीर्तिमान बनाउने विश्वास व्यक्त गरिएको छ। आजको बैठकको क्रममा मुख्यमन्त्रीले मेलाको आधिकारिक लोगो र प्रचार सामग्री अनावरण गर्दै उत्सवको तयारीमा एउटा महत्वपूर्ण उपलब्धि हासिल भएको घोषणा गर्नुभयो।

चिवाभञ्ज्याङ सडक

पश्चिम सिक्किमको गेजिङ जिल्ला अन्तर्गत उत्तरेबाट भारत नेपाल सीमा क्षेत्र चिवाभञ्ज्याङलाई जोड्ने सडक मार्ग यातायातका लागि सुचारु गराइएको छ। 2023 देखि बन्द अवस्थामा रहेको

यस सडकलाई हालै यातायातको लागि सुचारु गरिएको छ जसका लागि सीमा क्षेत्रको सुरक्षामा खटिएको सशस्त्र सीमा बलले सिक्किम सरकार र सडक एवं पुल विभागका मन्त्री श्री एनबी दाहाललाई धन्यवाद दिएको छ। सशस्त्र सीमा बल (एसएसबी) का कमाण्डेन्टले एउटा पत्र लेखेर उत्तरे-चिवाभञ्ज्याङ सडकको समयमै मरम्मतिको लागि सिक्किम सरकार र सडक एवम् पुल मन्त्रीलाई धन्यवाद दिनुभएको छ।  नयाँ सडकले नेपाल सीमा नजिकको उच्च क्षेत्रमा तैनाथ एसएसबी र अन्य सुरक्षा बललाई लजिस्टिक सहयोगका लागि अत्यावश्यक सहयोग प्रदान गर्दछ। चिवाभञ्ज्याङलाई भारत नेपाल व्यावसायिक करिडोर बनाउने लक्ष्यका साथ सिक्किम सरकारले उत्तरेबाट एउटा लामो दुरीको सडक मार्ग चिवाभञ्ज्याङसम्म पुर्‍याएको छ।

कौतुभ जयन्ती

आगामी फरवरी महिनाको अन्तिम साता, गेजिङ जिल्लाको याङ्थाङ क्षेत्रमा पर्ने लिङ्चोम वरिष्ठ माध्यमिक विद्यालयको कौतुभ जयन्ती आयोजना हुने भएको छ। आज यसै विषयमा श्रम , भवन तथा आवास विभागका मन्त्री श्री भिम हाङ लिम्बुको अध्यक्षतामा सम्पन्न सभामा विद्यालयको ऐतिहासिक योगदानको चर्चा गर्दै आगामी कार्यक्रमबारे निर्णय गरियो। यस कार्यक्रमलाई  सफल बनाउन अघिबाट नै समिति तयार गरिसकिएको छ भने कार्यक्रमको  प्रमुख संरक्षक क्षेत्र विद्यायक एवं मन्त्री श्री भिमहाङ सुब्बा हुनुहुन्छ।

डा शोभाकान्ति थेगिम

डा शोभाकान्ति थेगिम (लेप्चा) मेमोरियल ट्रस्टले डा शोभाकान्ति थेगिम (लेप्चा) स्मृति पुरस्कार - 2025 का लागि पुस्तकहरूको आह्वान गरेको छ। 2021, 2022 र 2023-को समयावधिमा नेपाली भाषामा लेखिएका र प्रकाशित भएका उपन्यास, कथासङ्ग्रह, कविता, समालोचना र नाटक विधाका पुस्तकहरू मात्र यस पुरस्कारका लागि योग्य ठहरिने ट्रस्टले जनाएको छ। यसवर्षदेखि पुरस्कारको क्षेत्र भारतव्यापी गरिएको ट्रस्टले जनाएको छ।  ट्रस्टले लेखकहरूलाई मूल्याङ्कनका लागि आफ्नो पुस्तकको 4 प्रति 31 जनवरी 2025 भित्र ट्रस्टको कार्यालयमा बुझाउन अनुरोध गरेको छ।

सिक्किम राइजिङ स्टार

नर्दनर्स एफसी किशोर वर्गमा सिक्किम राइजिङ स्टार 2.0 अण्डर-17 फूटबल च्याम्पियन बनेको छ। हिजो राधानीको पाल्जोर स्टेडियममा सम्पन्न टुर्नामेन्टको फाइनल म्याचमा सञ्जु फूटबल एकाडेमीलाई शुन्यको विरुद्ध एक गोलले परास्त गरेर नर्दनर्स एफसी-ले यो उपाधी प्राप्त गरेको हो। म्याचको एकमात्र अनि निर्णायक गोल पुरण प्रधानले गरेका थिए। भारतीय सेनाको त्रिशक्ति कर्प्सले सिक्किम फूटबल एसोसिएशनसितको सहकार्यमा गान्तोकको पाल्जोर स्टेडियम र नाम्चीको भाइचुङ स्टेडियममा किशोर अनि किशोरी वर्गमा सिक्किम राइजिङ स्टार 2.0 अण्डर-17 फूटबल च्याम्पियनशीप आयोजना गरेको थियो। किशोरी वर्गको फाइनल केही दिन अघि नै सम्पन्न भएको छ।